# वन विज्ञान अध्ययन संस्थाको सूचना

यस क्याम्पसको हाताभित्र यस क्याम्पसको स्वीकृति वेगर कुनै किसिमको अस्थायी वा स्थायी प्रकृतिको संरचना वा घर, टहरा निर्माण गर्न नपाइने र सो गर्ने गराउने प्रयत्न गर्नु समेत नियम सम्मत नरहेको व्यहोरा सम्वद्ध पक्षलाई अवगत गराउँदछौं ।

वन विज्ञान अध्ययन संस्थान हेटौंडा क्याम्पस, हेटौंडाको दक्षिण पूर्वी हातामा स्थान नतोकी कृषि तथा वन विज्ञान विश्वविद्यालय, वन विज्ञान संकाय हेटौंडाले मिति २०७५ चैत्र ११ गतेको गोरखा पत्रमा भवन निर्माण सम्बन्धी बोलपत्र आव्हान गरेको र सोहि सम्बन्धमा मिति २०७५ चैत्र २८ गतेका दिन गोरखापत्रमा संशोधित व्यहोरा समेत उल्लेख गरी सूचना प्रवाह भएको देखिन्छ । उक्त स्थानमा मिति २०७६/०२/३१ गते आवास नं. B2, B3&B4 को दक्षिण पट्टी विना इजाजत Excavator प्रयोग गरी अन्दाजी डेढ विघा जग्गाको साल, मसला लगायतका विभिन्न प्रजातीका लाथ्रा, पोल र रुख समेत गरी करिब २०० रुख कटान गरी दक्षिण पट्टी छेउ लगाएको हुनाले सो जग्गामा भवन निर्माण गर्ने प्रयत्न गर्नु कानून विपरीत भएकोले त्यस प्रकारको क्रियाकलाप नगर्न नगराउन यसै सूचना मार्फत संवद्द सबैलाई सूचित गरिन्छ । यस सूचनाको अवज्ञाको प्रयत्न नगर्नु हुन समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

त्रिभुवन विश्वविद्यालय

**वन विज्ञान अध्ययन संस्थान**

हेटौंडा क्याम्पस